जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ८४ २०७७ साल कात्तिक १२ गते बुधबार (28 Oct. 2020 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी बापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणवाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : चाडपर्वले चलायमान... ३ पृष्ठमा : पूर्वपश्चिम राजमार्गका अधिकांश ... ३ पृष्ठमा भारतमा तीन महिनापछि ...

# संघीय सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्यो : प्रदेश मन्त्री साह



**दैनिक समाचारदाता राजविराज, ११ कात्तिक ।**

सप्तरीको तिरहुत गाउँपालिका वडा नं. १ त्रिकौलस्थित नवनिर्मित कार्यालय भवनको उद्घाटन गरिएको छ । प्रदेश २ का सामाजिक विकास मन्त्री नवल किशोर साहले एक कार्यक्रमबीच सो नवनिर्मित कार्यालय भवनको उद्घाटन गरेका छन् ।

कार्यालय भवनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले देश तथा प्रदेश कोरोना महामारीको चपेटामा रहेकोले बेला सबैभन्दा बढी सर्वसाधारण जनता प्रभावित भएको अवस्थामा नेपाल सरकारले आफ्नो जिम्मेवारीबाट पछाडी हटेको आरोप लगाएका छन् ।

उनले कोरोनाको उपचार तथा पिसिआर जाँच गर्न संघीय सरकारले असक्षमता देखाएपनि प्रदेश २ सरकार यसप्रति गम्भिरतापूर्वक लागिपरेको बताउँदै पिसिआर जाँच लगायत र सोको उपचार सम्बन्धी अन्य सुविधाहरु उपलब्ध गराउने नीति अपनाएको जसजिकिर गरे ।

प्रदेशको प्रत्येक जिल्लाहरुमा पिसिआर जाँचको व्यवस्था एवं स्वास्थ्य क्षेत्रमा थप सुविधा उपलब्ध गराउने कार्य गरिरहेको बताउँदै मन्त्री साहले बताए ।

उनले सप्तरीका बालबालिकाहरु प्राविधिक क्षेत्रमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने उद्देश्यले हनुमाननगर कंकालिनी टेक्नीकल इन्स्टिच्यूटको स्थापना सँगै डिमनमा प्राविधिक शिक्षाका लागि २५ लाख बजेट विनियोजन र भारदह अस्पतालमा बाल अस्पताल सहितको स्थापना तर्फ आफू लागिपरेको जानकारी दिए ।

वडा नं. १ अध्यक्ष शिव नारायण मेहताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विशिष्ट अतिथिको रुपमा प्रतिनिधि सभा सदस्य डा. सुर्यनारायण यादव र तिरहुत गापाका अध्यक्ष मनोज बहरखेर, प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्य, संविधान सभा सदस्यद्वय सूर्यनाथ यादव र लक्ष्मी चौधरी, जसपाका केन्द्रिय सदस्य पूनम यादव तथा कुमारनाथ मिश्रा, रा.शि. मंचका केन्द्रिय उपाध्यक्ष दिनेश कुमार यादव, जसपाका युवा नेता सुमित कुमार साह लगायतको उपस्थिति रहेको थियो ।

# एक किशोरी बलात्कृत, अर्कीमाथी बलात्कारको प्रयास, एक यूवक पक्राउ

**दैनिक समाचारदाता राजविराज, ११ कात्तिक ।**

सप्तरीमा एक किशोरी बलात्कृत भएकी छिन् भने अर्की एक किशोरीमाथी बलात्कारको प्रयास भएको छ । बलात्कारको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ भने अर्का एक फरार रहेका छन् ।

गत शनिबार साँझ ७ बजेतिर शौच गएकी मध्ये एक किशोरीलाई गाउँकै दुई किशोरले बलात्कार गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एसपी राजेन्द्र धमलाका अनुसार तिरहुत गाउँपालिका वडा नं ३ गोईठीकी १५ वर्षिया किशोरीलाई साँझ शौचको बेला गाउँ नजिकैको बाँस घारीमा गाउँकै १६ वर्षिय सुनिलकुमार साह तथा १८ वर्षिय ज्ञानु साहले बलात्कर गरेका थिए ।

यता अर्की तिलाठी कोईलाडी गाउँपालिका ५ बाट गोईठीस्थित मामाघर आएकी १४ वर्षमाथी बलात्कारको प्रयास भएको छ ।

बलात्कारपछि बेहोस भएकी ती किशोरीलाई तीन घण्टापछि गाउँलेले उद्धार गरी डिमनस्थित ईलाका प्रहरी कार्यालयमा खबर गरेका थिए ।

बलात्कृत किशोरीको राजविराजस्थित गजेन्द्रनारायण

*बाँकी अन्तिम पृष्ठमा*

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# संविधानसभा सदस्य मानपुर चौधरीको कोरोनाबाट निधन

**दैनिक समाचारदाता राजविराज, ११ कात्तिक ।**



संविधान सभा सदस्य मानपुर चौधरीको कोरोना संक्रमणबाट मंगलबार दिउँसो निधन भएको छ । सप्तरीको कंचनरुप नगरपालिका ४ जगतपुर निवासी चौधरी बि.स. २०७० सालको दोश्रो संविधान सभा निर्वाचनमा सप्तरी क्षेत्र नं. १ बाट तत्कालिन नेकपा माओवादीबाट निर्वाचित भएका थिए ।

उनको उपचारका क्रममा धरानस्थित वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निधन भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन ।

मधुमेह र उच्च रक्तचापबाट पीडित ५५ वर्षिय चौधरीलाई केही दिनदेखी ज्वरो तथा श्वास फेर्न कठिनाई भएपछि असोज २ गते उपचारका लागि विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको थियो ।

सोही दिन उनको स्वाब संकलन गर्दा असोज ३ गते रिपोर्ट पोजेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । दुई साताको अन्तरालमा दुई पटक कोरोना परीक्षण गराउँदा पहिलो पटक नेगेटिभ र दोस्रो पटक उनीमा पोजेटिभ देखिएको थियो ।

कोरोना रिपोर्ट पोजेटिभ आएपछि बि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसोलेसनमा उपचारकै क्रममा उनको मंगलबार निधन भएको हो ।

यो संगै सप्तरीमा हालसम्म कोरोना संक्रमणका कारण २४ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# चौधरीको निधनमा अध्यक्ष दाहालद्वारा दुःख व्यक्त

काठमाडौँ, ११ कात्तिक (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेकपा २ नं प्रदेश कमिटी सदस्य मानपुर चौधरीको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ । मंगलबार ट्वीटमार्फत उहाँले चौधरीप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवार तथा आफन्तजनमा समवेदना व्यक्त गर्नुभएको छ ।

## सम्पादकीय

# एटिएम सेवा २४ औं घण्टा सूचारु होस्

हाल जिल्लामा संचालन एक दर्जन भन्दा बढी बैंकहरुले ग्राहकलाई सेवा दिन सूचारु गर को एटिएम सेवा प्राय काम नलाग्ने अवस्थामा बन्द नै रहने गरेको छ । सेवाग्रहीहरुलाई २४ औं घण्टा सेवा प्रदान गर्ने उद्देश्यका साथ बैंकहरुले एटिएम सेवा संचालन गरेपनि दिनहुँ एटिएम सेवा अवरुद्ध रहने गरेको छ ।

जिल्लामा संचालनमा रहेका राष्ट्रिय वाणिज्य बैंक, माछापुच्छ्रे, एभरेष्ट, ग्लोबल, सेन्चुरी, सनराइज बैंक लगायतले एटिएम सेवा संचालनमा ल्याएपनि अधिकांश बैंकका एटिएम सेवा हप्तौं दिनसम्म अवरुद्ध नै हुने गरेको छ। अति आवश्यक परेको समयमा सजिलै तरीकाबाट पैसा झिक्नका लागि एटिएम सेवा संचालनमा ल्याएपनि सेवाग्राहीहरुलाई समस्या परेको समयमा नै यहाँका बैंकहरुले संचालनमा ल्याएका सो सेवा अवरुद्ध हुने गरेको छ ।

तसर्थ सेवाग्राहीहरुको सजिलोका लागि २४ औं घण्टा दिदै आएको एटिएम सेवालाई नियमित रुपमा संचालन गर्नुपर्ने तर्फ सम्बन्धित बैंकहरुले ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

# चाडपर्वले चलायमान बनाएको अर्थतन्त्र

धनुषा, ११ कात्तिक (रासस) ।

दशैं, तिहार र छठलगायत चाडपर्वमा नेपालको अर्थतन्त्र बढी चलायमान हुन्छ ।

दशैं सकिन लागेको र तिहार तथा छठ पर्वको आगमनसँगै जनकपुरसहित देशभरका बजारहरूमा चहलपहल बढेको छ । बजारमा किनमेल गर्नेहरूको भीड बढ्दै गएको छ । दशैं सकाएर काममा फर्किनेहरू तथा तिहार र छठपर्व मनाउनका लागि आ-आफ्नो गाउँघर आउनेहरूको क्रम जारी छ । सर्वसाधारणले पनि ठूला चाडपर्वका लागि रकमको जोहो गर्ने र यही समयमा बढी खर्च गर्ने गरेको पाइन्छ । कर्मचारीले दुई महिनाको तलब एकै महिना खर्च गर्छन् । यसले पनि दशैंमा अर्थतन्त्र कति चलायमान हुन्छ भन्ने देखाउँछ ।

वर्षभरि कर्मचारीले १३ महिनाको तलब पाउँछन् । थप एक महिनाको तलब दशैं खर्चका लागि दिइने पुरानो चलनका कारण र बजारमा पैसा चलायमान हुने भएकाले दशैंलाई अर्थतन्त्र चलायमान बनाउने एउटा प्रमुख पर्व भएको अर्थशास्त्री डा सुरेन्द्र लाभको भनाइ छ । दशैं तिहारलाई लक्षित गरी नयाँ सवारी साधन खरिदमा छुट, सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने घोषणा यही बेला हुनाले पनि अर्थतन्त्र चलायमान हुने गरेको हो ।

"पहिले पनि दशैं अर्थतन्त्रलाई चलायमान बनाउने एउटा प्रमुख पर्व थियो । पहिले दशैं विशेषमा मात्र किनमेलका लागि बजार लाग्थ्यो भने हाल पर्याप्त समय निकाल्न नसकेका नेपालीले यही अवसरमा लत्ताकपडासहित सामानको किनमेल गर्ने गर्दछन् । कतिपयमा यही समयमै खरिद गर्नुपर्छ भन्ने मानसिकता समेत विकसित भएको देखिन्छ", अर्थशास्त्री डा लाभले भन्नुभयो । व्यवसायीहरूका अनुसार दशैंमा करिब रु १० अर्ब मूल्य बराबरको लत्तकपडा मात्र किनबेच हुन्छ भने त्यसबाहेक पनि खाद्यान्न, माछा, मासु एवम् पेय पदार्थको समेत कारोबार बढ्ने व्यवसायीहरूको भनाइ छ ।

जनकपुरमा मात्र हरेक वर्ष दशैंमा २५ हजार खसिबोका खपत हुने तथ्याङ्क छ । यसरी वर्षमा एकपटक नयाँ लुगा सिलाउने, मासुभात खाने, रमाइलो गर्ने चाड भएकाले पनि खर्च बढ्ने गरेको कतिपय अर्थविद्को भनाइ छ । उहाँहरूका अनुसार दशैंले अर्थतन्त्रलाई पुनर्जीवन दिन्छ । करिब पाँच लाख कर्मचारीका लागि रु चार अर्बभन्दा बढी रकम दशैं खर्चबापत मात्र दिइने गरेको अर्थ मन्त्रालयको तथ्याङ्क छ ।

यसबाहेक निजी क्षेत्रका सङ्घसंस्था, बैंक तथा वित्तीय संस्थाले पनि कर्मचारीलाई दशैं खर्चबापत बोनस तथा भत्ता दिन्छन् । यसले पनि आर्थिक परिचालनमा मद्दत गरेको छ । पछिल्ला वर्षहरूमा बजारमा चहलपहल बढ्ने अर्को कारण दशैंको समयमा विदेशबाट प्राप्त हुने रेमिट्यान्स भएको अर्थशास्त्रीहरू बताउँछन् । विदेश बस्ने नेपालीले यही समयमा बढी रेमिट्यान्स पठाउने गरेका छन् । अन्य महिनाको तुलनामा दशैंमा करिब २५ देखि ३० प्रतिशत बढी रकम रेमिट्यान्स आउने गरेको नेपाल राष्ट्र बैंकको तथ्याङ्कले देखाउँछ । राष्ट्र बैंकको तथ्याङ्क अनुसार औषतमा दशैंताका करिब रु १०/१५ अर्ब रेमिट्यान्स नेपाल भित्रिन्छ । यसमा भारतमा काम गर्न गएका नेपालीले दशैंमा घर फर्किदा लिएर आउने रकम भने जोडिएको छैन । भारतमा हजारौंको सङ्ख्यामा नेपालीहरू कार्यरत रहेकाले पनि यसको हिस्सा नेपालको अर्थतन्त्रमा फराकिलो हुने गर्दछ ।

अर्थविद्हरूका अनुसार दसैं अघिका दुई-तीन हप्ताको अवधिमा वर्षभरीको कूल राष्ट्रिय उपभोगको २० प्रतिशत जति उपभोग हुने देखिन्छ । दशैंदेखि छठ पर्वसम्म बजारमा करिब रु पाँच अर्बको कारोबार हुने गरेकाले पनि यो प्रमुख चाडपर्वको अर्थिक पाटो वास्तवमा नै बृहत रहेको अर्थशास्त्री डा सुरेन्द्र लाभको भनाइ छ । खर्च गर्ने प्रवृत्ति बढ्दै जानुले व्यापारीका लागि यो समय एक किसिमले वर्षभरीलाई पुग्नेगरी नाफा कमाउने समय पनि भएको छ । दशैंअघिको समयमा मात्र अन्य समयको १० महिना बराबर व्यापार हुने गरेको उद्योग वाणिज्य सङ्घ प्रदेश नं २ का अध्यक्ष शिवशंकर साहको भनाइ छ । उहाँका अनुसार छुट तथा विभिन्न आर्कषक योजनाका कारण पनि यसबेला बजारमा रौनक बढेको हुन्छ ।

यतिखेर प्रदेश नं २ को अस्थायी राजधानी जनकपुरधाममा दशैंको निकै चहलपहल बढेको छ । दसैंको टीका चलिरहेको र दिपावली नजिकिँदै गर्दा बजारमा किनमेल गर्नेको जनकपुरमा भीड लागेको छ । खाद्यान्न, कपडा, कस्मेटिक तथा गरगहना पसलहरूमा मानिसहरूको भीड लागेको छ । चाडपर्वका लागि मानिसहरूले खाद्यान्नदेखि लत्ताकपडासम्म अनिवार्य रूपमा किन्ने गरेका छन् । जनकपुरका मुख्य बजारहरू शिव चोक, राम चोक, मुरली चोक, जानकी चोक लगायतका ठाउँहरूमा किनमेल गर्ने मानिसहरूको बाक्लो उपस्थिति देखिन्छ ।

गाउँदेखि शहरसम्म धुमधामका साथ मनाइने दशैंमा व्यापारसमेत बढ्ने गर्छ । कुल राष्ट्रिय उपभोगको २० प्रतिशत दशैं अघिको दुई/तीन साता अवधिमा मात्रै हुने अनुमान गरिएको छ । व्यापारीहरूको पनि वर्षभरीको कमाइ हुने समय भनेकै दशैं, तिहार, छठजस्ता महान चाडपर्व नै हो ।



# पूर्वपश्चिम राजमार्गका अधिकांश पक्की पुल जीर्ण : दुर्घटनाको जोखि बढ्दै

महोत्तरी, ११ कात्तिक (रासस)।

पूर्वपश्चिम राजमार्गअन्तर्गत महोत्तरीमा रहेका अधिकांश पक्की पुल जीर्ण बन्दै गएका छन्।

जिल्लामा पर्ने सानाठूला नदी र खोल्साखोल्सीका पुल जीर्ण बनेको र समयमै मर्मत हुन नसक्दा थप जोखिमपूर्ण यात्रा गर्न यात्रु बाध्य भएका छन्।

महोत्तरी र धनुषासँग जोडिएको रातु तथा महोत्तरी र सर्लाहीसँग जोडिएको बाँके नदीसहित त्यसको बीचमा पर्ने १८ किलोमिटरभित्रका सबैजसो पुलमा ठूलठूला भ्वाङ्ग परेपछि सडक दुर्घटनाको जोखिम बढेको हो।

रातु नदीका २०७५ सालमा बनेको नयाँ पुलमा अहिले सयौं ठाउँमा भ्वाङ्ग (दुला र खोबिल्टा) बनेका छन्। २५० मिटर लम्बाइ र १०.९० मिटर चौडाइको सो पुल २०७५ असोजमा सञ्चालनमा आएको थियो। सञ्चालनमा आएको एक वर्ष नपुग्दै २०७६ सालको प्रारम्भमै सो पुलमा भ्वाङ्ग पर्न लागेको थियो। अहिले यो पुलमा १०० भन्दा बढी ठूलठूला भ्वाङ्ग परेका हुन्। यो नयाँ पुल कालिका टु दी रसुवा जेवी कम्पनी काठमाण्डौले रु २४ करोंड ६० लाखमा ठेक्का बोलकबोलअनुसार निर्माण सम्पन्न गरेको हो।

नयाँ पुल निर्माण भएको एक वर्षभित्रै कैयन पटक टालटुल गर्नु परेको यो पुलमा कमसल निर्माण सामग्रीको प्रयोगले चाँडै धरापजस्तै बनेको बर्दिवासवासी बताउँछन्। यसअघि २०७६ साल पुस मसान्तभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भएको यो पुल एकबर्ष चार महिनाअगावै निर्माण सम्पन्न गरेको भन्दै सबैले प्रशंसा गरेका थिए। तर, पुल प्रयोगमा आएलगत्तै खाल्डाखुल्डी बढ्दै गएर ठूलठूला भ्वाङ् देखिएपछि निर्माणमा कमसल समान प्रयोग भएको हुनसक्ने आशङ्का सर्वसाधारणमा बढेको हो।

"धमाधम काम गरेर तोकिएको समय अगावै निर्माण सम्पन्न गर्दा खुशी भएका थियौं", बर्दिवास नगरपालिका-१ का वडाध्यक्ष चुडामणि पोखरेलले भन्नुभयो, "तर आवागमन खुलेको एक वर्ष नपुग्दै धेरै खाल्डाखुल्डी भएका छन्, यसले कामको गुणस्तरमा प्रश्न उब्जाएको छ।" नदीको पुरानो पुल बाढीले भासिएपछि ठेक्का बन्दोबस्तबाट काम हुनेगरि २०७३ साल असार २९ गते कालिका टु दी रसुवा जेवी काठमाण्डौले सम्झौता गरेर काम थालेको थियो। विसं २०७५ पुस मसान्तमा पुल निर्माण सम्पन्न गर्ने सम्झौता भएपनि यो पुल २०७५ भदौमै काम सम्पन्न भएर लाग्दो असोजमै आवागमन खुलेको थियो।

पूर्वपश्चिम राजमार्गको रातु नदीमा २०२६ सालमा बनेको पुल २०७१ सालको बाढीले खाँबा (पाया) भासिएपछि आवतजावतमा कठिनाइ भएसँगै सरकारले नयाँ पुल निर्माण गर्ने प्रक्रिया बढाएको थियो। पुलमा कालोपत्र उप्केर ठूलठूला भ्वाङ्ग बनेपछि अहिले निर्माण कम्पनीले गुणस्तरीय काम नगरेको आम गुनासो बढेको छ। तर, निर्माण कम्पनीका तर्फबाट पुल निर्माणका साइट इन्चार्ज रहेका कृष्ण ढुङ्गेलले आफ्ना तर्फबाट कमसल समान प्रयोग गरेको नभइ रङ्गरोगन गर्ने बेलाको असावधानीले कालोपत्र उप्केर भ्वाङ्ग परेको हुन सक्ने बताउनुभयो। "हामीले रातदिन नभनी गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरेर नै पुल निर्माण गरेका हौं", पुलमा बनेका भ्वाङ्गबारे उहाँले भन्नुभयो-, "रङ्गरोगन गर्ने फरक कम्पनीले काम गर्दा 'थिनर' भनिने केमिकल (पदार्थ) बढी प्रयोग गरेकाले कालोपत्र उप्केर भ्वाङ्ग परेको होइ।" कालोपत्र उप्किएर भ्वाङ्ग पर्न थालेको पुलमा अहिलेसम्म दर्जनौं पटक टालटुल पारिदै आएको पुल नजिकका बासिन्दाको भनाइ छ।

रातु पुलमात्र नभएर जिल्लाभित्रका पूर्वपश्चिम राजमार्गमा पर्ने जङ्घा, टुटेश्वर, खयरमारा, गणन्ता, ढुङ्ग्रे, ढोलनखोला र बाँके नदीसहितका पुल पनि दिनानुदिन भ्वाङ्ग बढेर धराप बन्दै गएका छन्। यीमध्ये जङ्घा र मरहा क्रमशः दुई र तीन वर्षअघि पुनःनिर्माण भएका हुन्। यीबाहेक ससाना खोल्सीका पुलहरू पनि भत्कदैछन्। भब्सी नदीमा गतवर्षको बर्खामा लडाएको पुलको ठाउँमा अहिले बेलिब्रिजबाट आवागमन चलेको छ।

पुलहरूको यो अवस्थासँगै राजमार्गको पिच (कालोपत्र) उप्केर जतातत्तै खाल्डाखुल्डी बढेका छन्। पूर्वपश्चिम राजमार्गमा सडक र पुलको दुरावस्था बढ्दै गएपनि सम्बद्ध निकायले चासो र वास्ता नगरेको यस भेगका सर्वसाधारणको गुनासो छ। यसैबीच राजमार्ग र सडकको मर्मतसम्भारको जिम्मेवारी लिएका सडक डिभिजन कार्यालय मुजेलियाले यसपाली कोभिड-१९ सङ्क्रमणका सन्त्रासले यस्ता काम प्रभावित बनाएको स्वीकार गरेको छ। अब दिपावली र छठ पर्व सम्पन्न भएसँगै पुल र सडकको मर्मतसम्भारको काम थालिने डिभिजन कार्यालयले जनाएको छ।

धेरै पुलको आयु खस्किसकेको छ। पुलमा प्रयोगमा आउने स्टिल विशेष खालको भएकाले लन्डनबाट खरिद गर्नुपर्ने आवश्यकता रहेको प्राविधिकको भनाइ छ। विसं २०४० मा राजमार्ग निर्माण गर्दै गर्दा बनाइएका तीपुलको मर्मत सुधार गर्नुपर्ने बेला भएको प्राविधिक बताउँछन्। राजमार्ग क्षेत्रमा बनाइने यस्ता पुलको औसत आयु ४० देखि ५० वर्ष भए पनि स्टिल ब्रिजमा आधारित पुल अहिले भाँचिन थालेका छन्। अरु पुल पनि भाँचिने विज्ञको भनाइ छ।

महाभारत र चुरे क्षेत्रबाट बग्ने खोलामा ढुङ्गा, गिट्टी र बालुवा निकासीमा सावधानी नअपनाउँदा पनि पुलको अवस्था कमजोर बनेको हो। बेला बेलामा सामान्य रुपमा टालटुल पारेर मात्र मर्मत गरिएकाले पुल जीर्ण हुँदै गएको स्थानीयवासीको आरोप छ। बढी भारका कारण राजमार्गका अधिकांश पुल कमजोर भएको प्राविधिकको भनाइ छ।

सडक डिभिजन कार्यालयका अनुसार पुल जीर्ण रहेको अवस्थामा १८ टनभन्दा बढी भार बोक्न हुँदैन् तर यहाँ ४० टनसम्म भार बोकिने र त्यसलाई रोक्न प्रहरी प्रशासनले कडाइ नगर्दा पुल भाँचिने गरेको छ। कतिपय पुल साँघुरा भएका कारण ठोक्किँदा कच्ची हुने गरेका छन्।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# कोरोनामुक्त हुने ७४ प्रतिशत नाघे

काठमाडौँ, ११ कात्तिक (रासस)।

नेपालमा कोरोनामुक्त हुनेको सङ्ख्या ७४.१ प्रतिशत नाघेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार हालसम्म एक लाख १८ हजार ८४३ जना कोरोनामुक्त भएका छन्।

प्रदेश १ मा ११ हजार २९, प्रदेश २ मा १६ हजार ४७८, वागमतीमा ५७ हजार ९५५, गण्डकीमा पाँच हजार ७६०, लुम्बिनीमा १४ हजार ५१०, कर्णालीमा चार हजार ६२० र सुदूरपश्चिममा आठ हजार ४९१ सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घन्टामा तीन हजार १६८ जना कोरोनामुक्त भएका छन्।

देशभर मंगलबार ५७० जनामा सङ्क्रमण पुष्टि भएको छ। दुई हजार ७२५ नमूना परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। काठमाडौँमा २२५, भक्तपुरमा चार र ललितपुरमा २३ सङ्क्रमित थपिएका छन्। प्रदेश १ मा ३५, प्रदेश २ मा १५, वागमतीमा २७३, गण्डकीमा ८० र लुम्बिनीमा १६७ जनामा सङ्क्रमण पुष्टि भएको छ। कर्णाली र सुदूरपश्चिममा मंगलबार सङ्क्रमित भेटिएका छैनन्। नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या एक लाख ६० हजार ४०० पुगेको छ।

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### भारतमा तीन महिनापछि सबैभन्दा थोरै सङ्क्रमित

नयाँदिल्ली, ११ कात्तिक (रासस/पिटिआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या पछिल्लो तीन महिनामा मङ्गलबार सबैभन्दा थोरै देखिएका छन्। सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार पछिल्लो तीन महिनाभित्रमा मङ्गलबार ४० हजारभन्दा थोरै सङ्क्रमित भेटिएका हुन्। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा भारतमा ३६ हजार ४७० जना सङ्क्रमित भएको जनाएको छ। योसँगै भारतमा कूल सङ्क्रमितको सङ्ख्या ७९ लाख ४६ हजार ४२९ पुगेको छ।

त्यसैगरी भारतमा कोरोनाका कारण अहिलेसम्म एक लाख १९ हजार ५०२ जनाको मृत्यु भएको छ। तीमध्ये ४८८ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो। कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भइसकेकाहरुको संख्या भारतमा ७२ लाख एक हजार ७० रहेको अधिकारीहरुले जनाएका छन्। सरकारी निकायले भारतमा कोरोनाभाइरसबाट मुक्त भएकाको अनुपात ९०.६२ प्रतिशत रहेको पनि जानकारी दिएका छन्।

त्यसैगरी कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुमध्ये १.५० प्रतिशत मानिसको मात्रै मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ। भारतमा कोरोनाभाइरसबाट अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या पनि घटेर सात लाखभन्दा कम भएको छ। अधिकारीहरुका अनुसार कूल छ लाख २५ हजार ८५७ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन्। भारतमा केही हप्ता अगाडिसम्म कोरोनाभाइरसबाट सङ्क्रमित र मृतकको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएकोमा पछिल्लो केही हप्ता अगाडिदेखि दैनिकरुपमा घट्दै गएको छ।

### पाकिस्तानमा विस्फोट : सातको मृत्यु, ११२ घाइते

पेशावर, ११ कात्तिक (रासस/एपी)।

शक्तिशाली बम विस्फोटनमा परी पाकिस्तानमा मङ्गलबार कम्तीमा सात जनाको मृत्यु भएको छ। सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार मङ्गलबार बिहान भएको घटनामा परी अरु ११२ जना घाइते भएका छन्।

स्थानीय जमिया जुबैरिया मदरसामा इस्लाम धर्मका बारेमा विशेष कक्षा सञ्चालन भइरहेका बेलामा विस्फोटन भएको हो। विस्फोटनमा परी मृत्यु भएका र घाइते भएका सबै विद्यार्थी रहेको जनाइएको छ। घटनास्थलमा शङ्कास्पद झोला भेटिएको र घटनाका बारेमा पूर्ण अनुसन्धान शुरु गरिसकिएको प्रहरी अधिकृत वाक्वार अजिमले जानकारी दिनुभयो।

विस्फोटनका कारण कक्षा सञ्चालन भइरहेको भवन र हल क्षतिग्रस्त भएको भिडियो पाकिस्तानी सञ्चारमाध्यमले देखाएका छन्। दृश्यमा घटनास्थल रगताम्य भएको पनि देखिएको समाचारमा जनाइएको छ।

विस्फोटनका लागि पाँच किलो विस्फोटक पदार्थ प्रयोग गरेको पाइएको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरी अधिकारीहरुले जानकारी दिएका छन्। घाइते भएकामध्ये केहीको अवस्था गम्भीर रहेको जनाइएको छ। अस्पतालका अधिकारीहरुको मृतकको सङ्ख्या अझ बढ्न सक्ने चिन्ता व्यक्त गरेका छन्।

घटनामा परी केही शिक्षक र कर्मचारीसमेत घाइते भएको पाइएको छ। घाइते भएका विद्यार्थी अधिकांश २५ वर्षको हाराहारीका रहेका छन्। घाइते भएकामध्ये केही विद्यार्थी अफगानीसमेत रहेको जनाइएको छ। घटनालगत्तै अहिले अस्पतालमा घाइतेका आफन्त र शुभेच्छुकहरुको भीड लागेको छ। उनीहरुले घाइतेहरुको अवस्थाका बारेमा जानकारी माग्ने गरेको र भेट्न खोजेको चिकित्सकहरुले बताएका छन्।

पाकिस्तानी प्रधानमन्त्री इमरान खानले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्नुभएको छ भने घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ।

### अमेरिकी सर्वोच्च अदालतको न्यायाधीशमा ब्यारेट नियुक्त, शपथ ग्रहण पनि सम्पन्न

वासिङ्टन, ११ कात्तिक (रासस/एएनआई)।

अमेरिकी सर्वोच्च अदालतको न्यायाधीशका रुपमा एमी कोने ब्यारेटले शपथग्रहण गर्नुभएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा प्रस्तावित ब्यारेटको नाम माथिल्लो सदन सिनेटले सोमबार पारित गरेपछि उहाँले सपथग्रहण गर्नुभएको हो।

सिनेटको न्यायिक समितिमा विपक्षी डेमोक्रेट सदस्यहरुले अहिले न्यायधिश नियुक्त गर्ने उपयुक्त समय नभएको भन्दै विरोध जनाएपछि उहाँको नियुक्तिमा विवाद हुँदै आएको थियो।

सिनेटमा अल्पमतका नेता चार्ल्स शुमर र समितिमा रहेका डेमोक्रेट सदस्यहरुले न्यायाधीश नियुक्ति प्रक्रिया शुरुदेखि नै लज्जाजनक रहेको बताउँदै आएका थिए। राष्ट्रपति निर्वाचनको पूर्वसन्ध्यामा न्यायाधीश नियुक्त गर्ने प्रक्रिया र पद्धति नै गलत रहेको र यस्तो पद्धतिमा सहभागी भएर वैधानिकता दिने कार्य आफूहरुका लागि स्वीकार्य नरहेको उनीहरुको भनाइ थियो।

अमेरिकी राष्ट्रपति ट्रम्पले गत सेप्टेम्बर २६ मा ४८ बर्षिय एमी कोने ब्यारेटलाई सर्वोच्च अदालतको न्यायाधीशका लागि मनोनयन गर्नुभएको थियो। राष्ट्रपतिको मनोनयनलाई सिनेटबाट पारित गर्नुपर्ने व्यवस्था छ। ब्यारेट सर्वोच्च अदालतका दक्षिणपन्थी धारको प्रतिनिधित्व गर्ने सर्वोच्च अदालतका पूर्वन्यायाधीश एन्टोनिन स्केलियाको क्लर्क भई काम गरेको अनुभव छ। ब्यारेट यसअघि संयुक्तराज्य मेरिकाको सातौं सर्किटको पुनरावेदन अदालतमा न्यायाधीश हुनुहुन्थ्यो।

उदारवादी भनेर चर्चित न्यायाधीश रुथ बाडर गिन्सबर्गको निधन भएपछि सर्वोच्च अदालतमा रिक्त भएको स्थानमा राष्ट्रपति ट्रम्पले ब्यारेटलाई मनोनयन गर्नुभएको हो। उहाँले मङ्गलबारदेखि नै काम शुरु गर्नुहुने जनाइएको छ।

# दुर्घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**
पुर्व-पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको कंचनरुप नगरपालिका वडा नं. ८ मा मंगलबार भएको दुर्घटनामा परि दुई जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता भुवनेश्वर साहका अनुसार पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको स १० प ९१३१ नम्बरको मोटरसाइकलले साइकललाई ठक्कर दिएको हो ।

उक्त दुर्घटनामा परि साइकल चालक मोरङ उर्लाबारी नगरपालिका निवासी ५५ बर्षीय केदार श्रेष्ठ र मोटरसाइकल चालक सप्तरीको सप्तकोशी नगरपालिका ७ निवासी मुकेश सिंहको मृत्यु भएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका श्रेष्ठको विराटनगरमा र मोटरसाइकल चालक सिंहको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

उक्त दुर्घटनामा मोटरसाइकलको पछाडि सवार सप्तकोशी नगरपालिका ७ का २५ बर्षीय अनिलकुमार यादव घाइते भएका छन् । उनको स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# पत्रकार चौधरीको निधन

लहान, ११ कात्तिक (रासस) ।
नेपाल पत्रकार महासंघ सिरहाका सदस्य कृष्णमोहन चौधरीको मंगलबार मध्याह्न निधन भएको छ । धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा पत्रकार चौधरीको निधन भएको परिवारजनले जनाएको छ ।

सिरहा, सुखीपुर नगरपालिका -८ निवासी ३५ वर्षीय चौधरी केही दिनदेखि बिरामी हुनुहुन्थ्यो । उपचारकै क्रममा उहाँको निधन भएको सुखीपुरका पत्रकार रोयण्टर मण्डलले जानकारी दिनुभयो ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहेको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रव्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


# कोरोना महामारीकाबीच कंकालिनीमा २ सय ८१ राँगाको बलि प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**
कोरोना महामारीका बीच सप्तरीको कंकालिनी भगवती मंदिर भारदहमा वडा दशैं अन्तरगत महानवमीको अवसरमा २ सय ८१ वटा रांगाको बली प्रदान भएको छ । गत वर्ष यस मन्दिरमा ६ सय ४ राँगाको बलि प्रदान गरिएको थियो ।

यस वर्ष दशैंको अवसरमा प्राय मठमन्दिरहरुमा बली प्रदान अत्यन्त न्युन रहेको थियो । विगतका वर्षहरुमा मठमन्दिरहरुमा हजारौं भक्तजनहरुको भिड लाग्ने गरेको थियो, तर यस वर्ष कोरोना महामारीका कारण भक्तजनहरुको संख्यामा कमि आउनुका साथै कंकालिनि मन्दिरमा समेत रागाको बलि प्रदानमा कमि आएको हो ।

विगत लामो समयको लकडाउन र बन्दाबन्दिका कारण अधिकांश मठमन्दिरहरु बन्द रहेको थियो । तर, दशैं अवधिभर सप्तरीका मठमन्दिर निषेधाज्ञा जारि गरेपनि नियमित पूजापाठ भने सूचारु थियो ।

चाडपर्वको बेला हुने भिडभाडले कोभिड-१९ को संक्रमण थप फैलिनसक्ने सम्भावनालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीले असोज ३० गते सूचना जारी गर्दै मंसिर ७ गतेसम्मकालागि मन्दिर र शक्तिपीठ क्षेत्रमा निषेधाज्ञा जारी गरेपछि राँगा बलि प्रथा प्रभावित भएको हो ।

यसअघि २०७५ सालमा ६ सय ३२, २०७४ सालमा ४ सय ९८, २०७३ सालमा ५ सय ५३, २०७२ सालमा ३ सय ९२, २०७१ सालमा ४ सय ४६, २०७० सालमा ३ सय ९१, २०६९ सालमा ३ सय ३७ वटा राँगाको बलि प्रदान भएको समितिको तथ्यांक छ ।

हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित कंकालिनी भगवती मन्दिरमा निःसन्तानहरुले सन्तान प्राप्तिका लागि, जटील रोगबाट पीडितहरुले स्वास्थ्यलाभका लागि, जीवन शंकटमा परेकाहरुले जीवन रक्षाका लागि, पेशा र रोजगारी शंकटमा परेकाहरुले सफलताकालागि भाकल गर्ने परम्परा छ ।

भाकल पुरा भएपछि बडादशैंको महानवमी तिथिमा राँगा, खशी, बोका बलि चढाउने गर्छन् ।

# पोखरीमा डुबेर दाजुभाइको मृत्यु

लहान, ११ कात्तिक (रासस) ।
पोखरीमा डुबेर सिरहाको नरहा गाउँपालिकाका एकै परिवारका दुई दाजुभाइको मृत्यु भएको छ । मृत्यु हुनेमा नरहा गाउँपालिका- ३ खोरिया निवासी गुलजार सेखका छोरा १० वर्षीय अनजार र आठ वर्षीय यहसान छन् ।

सोमबार अपराह्न ३ बजेदेखि बेपत्ता दुवैको शव गाउँदेखि करीब ७०० मिटर पश्चिममा रहेको पोखरीमा फेला परेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसवालले जानकारी दिनुभयो ।

माछा मार्ने वा नुहाउने क्रममा पोखरीमा पसेको र त्यसैमा डुबेर मृत्यु भएको हुन सक्ने प्रहरीको अनुमान छ । शव परीक्षणका लागि लहानस्थित रामकुमार उमाप्रसाद मुरारका स्मारक अस्पताल ल्याइएको छ ।

## *कोरोनामुक्त ...*

४० हजार ६८१ सक्रिय सङ्क्रमित आइसोलेसनमा रहेको मन्त्रालयले जनाएको छ । सङ्क्रमितमध्ये २८१ को सघन उपचार कक्ष र ७१ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ । कूल ३२ हजार ४६४ सङ्क्रमित होम आइसोलेसनमा छन् ।

झापा, मोरङ, सुनसरी, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, कास्की, नवलपरासी पूर्व, दाङ, रुपन्देही, बाँके, सुर्खेत र कैलालीमा ५०० बढी सक्रिय सङ्क्रमित छन् भने मुस्ताङमा सक्रिय सङ्क्रमित छैनन् । पछिल्लो २४ घन्टामा कोरोना सङ्क्रमणबाट १४ जनाले ज्यान गुमाएका छन् । यससँगै नेपालमा कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ८७६ पुगेको छ ।

## *एक किशोरी ...*

सिंह अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको छ भने बलात्कारी मध्येका सुनिललाई घरमै लुकेको अवस्थामा फेला पारी प्रहरीले नियन्त्रणमा लिएको छ ।

फरार रहेका ज्ञानुको खोजी भईरहेको एसपी धमलाले जानकारी दिएका छन् । बलात्कारमा परेकी ती किशोरी कंकालनी मावि भारदहमा कक्षा १० मा अध्ययनरत रहेको बताईएको छ ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np